# श्री केदारेश्वर महादेव मन्दिर वैदाम कास्कीको ऐतिहासिक तथा वातावरणीय अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत
इतिहास विषयको स्नातकोत्तर तह द्वितीय वर्षको ५७औं पत्रको
प्रयोजनका लागि प्रस्तुत

# शोध–पत्र

प्रस्तोता
ऋषिराम शर्मा
रोल नं.२९२९/२०६२
त्रि.वि.वि. दर्ता नं. ४३४२- ७०
इतिहास तथा संस्कृति विभाग
पृथ्वीनारायण क्याम्पस पोखरा
२०६५

# सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकायअन्तर्गत इतिहास विषयको स्नातकोत्तर तहको पाठ्यक्रमअनुरूप श्री ऋषिराम शर्माले **"श्री केदारेश्वर महादेव मन्दिर वैदाम, कास्कीको ऐतिहासिक तथा वातावरणीय अध्ययन"** शीर्षकको शोधपत्र मेरो निर्देशन तथा सुपरिवेक्षणमा तयार पार्नुभएको हो । शोधकर्ताले परिश्रमपूर्वक तयार पार्नुभएको यस शोधकार्यबाट म सन्तुष्ट छु । उक्त शोधकार्यको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मितिः २०६५।१।३

................................

**डा. दिलबहादुर क्षेत्री**

*सहप्राध्यापक*

इतिहास तथा संस्कृति विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकायअन्तर्गत इतिहास विषयको स्नातकोत्तर तहको पाठ्यक्रमअनुरूप श्री ऋषिराम शर्माले "**श्री केदारेश्वर महादेव मन्दिर, वैदाम कास्कीको ऐतिहासिक तथा वातावरणीय अध्ययन**" शीर्षकमा तयार पारिएको शोत्रपत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| १. विभागीय प्रमुख : सह-प्राध्यापक गुनाखर जैसी भट्टराई | ................................ |
| २. विशेषज्ञ : उप-प्राध्यापक प्रेमप्रसाद शर्मा | ................................ |
| ३. शोध-निर्देशक : सहप्राध्यापक डा. दिलबहादुर क्षत्री | ................................ |
| ४. सदस्य अनुसन्धान समिति | ............................... |

मितिः २०६५।१।३

# प्राक्कथन

नेपालको पश्चिम पहाडी भागको दोस्रो राजधानीको रूपमा रहेको, पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत गण्डकी अञ्चलको कास्की जिल्लामा अवस्थित पोखरा उपत्यका एक विशाल प्राकृतिक तालभूमि हो । विशाल हिमशृङ्खलाहरू अन्नपूर्ण, माछापुच्छ्रे र लमजुङ हिमालहरू लाम लागेर चौबीसै घण्टा पहरा दिने प्राकृतिक उर्वरभूमि पोखरा नगरी एक विशिष्ट धार्मिक स्थलहरुमध्येको पनि एक हो । यस स्थानलाई प्राचीन ऋषिमहर्षिको तपोभूमि पनि भन्ने गरेको पाइन्छ । जसमध्ये कस्यप ऋषिद्वारा पालित र संरक्षित यस तपोभूमिलाई उनै कस्यपको नामबाट कास्की नामाकरण गरिन गएको कुरा संस्कृत वाङमयमा उल्लेख पाइन्छ । यस भूमिमा रहेका अनेक प्रकारका मठमन्दिर, गुम्बा विहार, सत्तल पाटीपौवा, छाँगाछहरा, नदीनाला, तालतलैयाले गर्दा आकर्षित भई विभिन्न प्रकारका लोभले लोभिएर विभिन्न प्रकारका जातजातिहरू बसोबास गर्न आइपुगेको व्यहोरा जगजाहेरै छ । यस भूमिमा अवस्थित विभिन्न कुण्ड, मन्दिरमा धार्मिक भावनाले ओतप्रोत भएका धर्मभिरू नेपाली दाजुभाइ, दिदीबहिनीहरू तथा विदेशी पाहुनाहरूसमेत प्राकृतिक छटाले मन्त्रमुग्ध भै बिसाउनीमा एकछिन बिसाएझैं केही समय बिसाउन आउने गर्दछन् । हावापानीको दृष्टिकोणले पनि शीतल स्थल रहेको यो भूमि बासयोग्य रहेको छ । साथसाथै यहाँका मठमन्दिरहरू पनि दिन प्रतिदिन फस्टाउँदै गएका छन् । यहाँको विन्ध्यवासिनी मन्दिर निकै सुप्रसिद्ध मन्दिरहरूमध्ये एक हो । त्यसको साथसाथै राम मन्दिर, नारायणस्थानको नारायण मन्दिर, कास्कीकोटको गुप्तकालिका मन्दिर, तालबाराही मन्दिर, भद्रकाली मन्दिर, बौद्धविहार, गीता मन्दिर आदिको बारेमा बृहद् मात्रामा जानकारी प्राप्त भए पनि पोखरा-६, वैदाम अवस्थित केदारेश्वर महादेवमणि (मन्दिर) को स्थापना, विकास, अवस्थिति, सञ्चालन, संरक्षण, सम्बर्द्धनका बारेमा तथा गुठी व्यवस्था तथा त्यस मन्दिरको ऐतिहासिक एवं वातावरणीय प्रभावको बारेमा स्थलगत रूपमा खोजपूर्ण एवं अनुसन्धानात्मक अध्ययन गरी संक्षिप्त रूपमा प्रकाश पार्ने ध्येयले यो शोधपत्र तयार पारिएको हो ।

हजारौं फूलका थुँगारूपी नेपाली समाजलाई एउटै मालामा उनेर एकता कायम गर्ने एक मात्र माध्यम धर्म हो । सो धर्मले संस्कार र संस्कारले संस्कृतिको र संस्कृतिले सभ्यताको स्थापना गर्नमा धार्मिक सम्पदाहरूले प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पारिरहेका र पछि भविष्यमा पनि पारिरहनेछन् भन्न सकिन्छ । त्यसैले समाज निर्माणमा मूल माध्यमको रूपमा रहेका संस्कृति र सभ्यताका जननी भनेका धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक

सम्पदाहरू नै हुन् । यसमा दुई मत छैन । यसै तथ्यलाई हृदयंगम गरी मठमन्दिर, गुम्बा, विहार तथा तिनको व्यवस्था र संस्कृति एवं सभ्यताको बीच नङ र मासुको सम्बन्ध रहेको कुरा नस्वीकारी धरै छैन । तिनीहरूले समाजमा स्वच्छ वातावरणको भूमिका खेलेको कुरा निर्विवाद सत्य हो ।

प्रस्तुत शोधपत्र पोखरा उपत्यकाभित्र रहेको प्रसिद्ध केदारेश्वर महादेवमणि (मन्दिर) को ऐतिहासिक एवं वातावरणीय प्रभावका साथै तिनीहरूको व्यवस्थापनबारे केही जानकारी हुने उद्देश्यले विभिन्न अभिलेख, तथ्ययुक्त कथन, शिलालेख, ताम्रपत्र, छापा, पत्रपत्रिका पुस्तक, परिचय चिनारी तथा जनश्रुतिहरूको आधारमा खोजपूर्ण एवं अनुसन्धानात्मक तवरले अध्ययन गरी तयार पारिएकोले यस शोध अध्ययनले धार्मिक, सामाजिक, राजनैतिक, ऐतिहासिक, वातावरणीय तथा अनुसन्धानको क्षेत्रमा लाग्ने जिज्ञासु अन्वेषकहरूलाई थोरै मात्रामा भए पनि धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक क्षेत्रको बारेमा जानकारी हासिल गर्न सहयोग दिने छ भन्ने विश्वास गरेको छु । त्यसैले सर्वप्रथम मलाई प्रस्तुत शीर्षकमा शोधपत्र तयार गर्ने अवसर प्रदान गर्नुहुने त्रिभुवन विश्वविद्यालय पृथ्वीनारायण क्याम्पस इतिहास तथा संस्कृति विभागका अध्यक्ष श्रद्धेय गुरू गुनाखर जैसी (भट्टराई) ज्यूप्रति कृतज्ञता ज्ञापन गर्दछु । प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा अत्यन्तै व्यस्तताका बाबजुद पनि मलाई थुप्रै निर्देशन, सुझाव र प्रेरणा दिँदै तथा विविध आवश्यक सामग्रीहरू प्रदान गरी सहयोगका साथ लेखनकलामा चुस्त दुरूस्त पार्न सहयोग गर्नुहुने मेरा श्रद्धेय गुरू तथा शोध निर्देशक सहप्राध्यापक डा. दिलबहादुर क्षेत्रीज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

आफ्नो कार्य व्यस्तताको बाबजुद पनि यस शोध कार्यलाई मूर्तरूप दिन महत्त्वपूर्ण सल्लाह दिनु हुने श्रद्धेय गुरूहरू डा.दीर्घमान गुरूङ, बसन्त पराजुली, रस्मी ढेवाजू तथा चन्द्रकान्त पौडेल, उपप्राध्यापक डा.ज्ञानबहादुर कार्कीज्यूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

यस शोधसँग सम्बन्धित श्री केदारेश्वर महादेव मणि (मन्दिर) संरक्षण समितिका पदाधिकारीज्यूहरू, मन्दिरका पुजारी आदिबाट आवश्यक जानकारी प्रदान गरी सहयोग गरिदिनुहुने महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

सामग्री संकलनमा त्रिभुवन विश्वविद्यालय पृथ्वीनारायण क्याम्पस पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालयका कर्मचारीहरूको आवश्यक सहयोगप्रति धन्यवाद नदिइरहन सक्दिन ।

क्षेत्र प्रचारको क्रममा तथा अवलोकनको क्रममा सहयोगी साथ दिनुहुने साथी चन्द्रकान्त पोखेललाई पनि धन्यवाद दिन चाहन्छु ।

उच्च अध्ययनमा पर्ने बाधा र व्यवधानलाई कुनै प्रवाह नगरी आर्थिक र घरायसी झमेलालाई सन्तुलित राखी सदा सहयोग पुऱ्याउँदै आएकी जीवनसाथी श्रीमती धनमाया

शर्मा, छोराछोरी मनोहर शर्मा, जमुनादेवी शर्मा, हरिकला शर्मा र अमृता शर्मा र छोराबुहारी श्रीमती सर्मिला काफ्ले (शर्मा) लाई पनि धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत शोधपत्रलाई यथासम्भव शुद्धताका साथ वडो मेहनतपूर्वक छिटो छरितो मुद्रण गरी कम्प्युटर सर्भिस, क्षेत्र भ्रमण तथा फोटोग्राफी कार्य तथा अन्य आर्थिक, भौतिक एवं नैतिक सहयोग गर्ने मेरा छोरीज्वाइँ गोकर्णराज वाग्लेलाई धन्यवाद नदिई रहन सक्दिन ।

अन्त्यमा म यस शोधपत्रको समुचित मूल्यांकनार्थ त्रिभुवन विश्वविद्यालय पृथ्वीनारायण क्याम्पस इतिहास तथा संस्कृति विभाग पोखरा समक्ष प्रस्तुत गर्दछु ।

मितिः २०६५।१।३

.............................

ऋषिराम शर्मा
इतिहास तथा संस्कृति विभाग
त्रिभुवन विश्वविद्यालय
पृथ्वीनारायण क्याम्पस, पोखरा

# विषय सूची


**शीर्षक** **पेज**

***परिच्छेद १: शोध परिचय***

| | | |
|---|---|---|
| १.१ | विषय प्रवेश | १ |
| १.२ | समस्याको कथन | २ |
| १.३ | अध्ययनको उद्देश्य | २ |
| १.४ | पूर्व कार्यको समीक्षा | २ |
| १.५ | अध्ययनको महत्त्व | ३ |
| १.६ | अध्ययनको सीमा | ४ |
| १.७ | अध्ययन विधि | ४ |
| १.८ | अध्ययनको संगठन | ४ |

***परिच्छेद २: पोखरा उपत्यकाको भौगोलिक, साँस्कृतिक तथा ऐतिहासिक परिचय***

| | | |
|---|---|---|
| २.१ | भौगोलिक परिचय | ५ |
| २.१.१ | हिमाली प्रदेश | ५ |
| २.१.२ | लेकाली प्रदेश | ५ |
| २.१.३ | पहाडी प्रदेश | ६ |
| २.१.४ | उपत्यका, वेशी तथा टार प्रदेश | ६ |
| २.१.५ | नदीनाला, ताल र झरना | ६ |
| २.१.६ | हावापानी | ६ |
| २.२ | साँस्कृतिक परिचय | ७ |
| २.३ | ऐतिहासिक परिचय | ८ |

***परिच्छेद ३: मठमन्दिर, गुम्बा, गुफा, विहार, चैत्यहरूको परिचय***

| | | |
|---|---|---|
| ३.१ | पोखरा उपत्यकाभित्र रहेका प्रसिद्ध मठमन्दिर, गुम्बा, गुफा, विहार, चैत्यहरूको संक्षिप्त परिचय (चर्चा) | ९ |
| ३.१.१ | मन्दिर | १० |
| ३.१.२ | चैत्य विहार | १० |
| ३.१.३ | गुफा | ११ |
| ३.१.४ | स्तुप | ११ |

**परिच्छेद ४: केदारेश्वर महादेव मन्दिरको ऐतिहासिक अध्ययन**

| | | |
|---|---|---|
| ४.१ | अवस्थिति | १२ |
| ४.२ | ऐतिहासिक पृष्ठभूमि | १२ |
| ४.३ | नामकरण, स्थापना तथा जनधारणा | १६ |

४.४ मन्दिरहरू १८
४.४.१ केदारेश्वर महादेव मन्दिर १८
४.४.१.१ बनोट तथा शैली १८
४.४.१.२ व्यवस्थापन १९
४.४.१.२.१ पुजारी व्यवस्था १९
४.४.१.२.२ गुठी व्यवस्था २०
४.४.१.३ : पूजा अर्चना २३
४.४.१.४ विशेष पूजा तथा मेला पर्व २४
४.४.१.५ विशेषता तथा महत्त्व २५
४.४.१.५.१ विशेषता २८
४.४.१.५.२ महत्त्व २८
४.४.२ श्री गणेश मन्दिर २९
४.४.३ श्री सूर्य मन्दिर ३०
४.४.४ श्री दुर्गा भगवतीको मन्दिर ३०
४.४.५ श्री विष्णु मन्दिर ३१
४.४.६ अखण्ड शिव धुनी मण्डप ३१
४.४.७ होमनशाला ३२
४.४.८ चतुर होमशाला ३२
४.४.९ ओमकार मण्डप ३३
४.४.१० व्यास मन्दिर (सत्तल) तथा यस परिसरमा रहेका अन्य वस्तुहरू ३३

***परिच्छेद ५: श्री केदारेश्वर महादेव मन्दिर वैदाम कास्कीका धार्मिक एवं साँस्कृतिक, सामाजिक र वातावरणीय क्षेत्रमा प्रभाव***

५.१ धार्मिक एवं साँस्कृतिक प्रभाव ३९
५.२ सामाजिक प्रभाव ४०
५.३ वातावरणीय प्रभाव ४६

***परिच्छेद ६: निष्कर्ष तथा सुझावहरू***

६.१ निष्कर्ष ५७
६.२ सुझावहरू ५९

सन्दर्भ ग्रन्थ
परिशिष्ट